| कार्यविधि संख्या :- | ००४ |
|---|---|

# उपप्रमुखसंग महिला कार्यक्रम संचालन कार्यविधि, २०७५

| | |
|---|---|
| नगर कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७५/०३/२८ |
| प्रमाणीकरण मिति : | २०७५/०३/३१ |
| स्थानीय राजपत्रमा प्रकाशित मिति : | २०७५/०४/११ |

**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**

**खोटाङ**

**१ नं प्रदेश**

# उपप्रमुखसंग महिला कार्यक्रम संचालन कार्यविधि, २०७५

**प्रस्तावना :**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई महिला मैत्री नगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्यूनिकरण गर्न, महिलाहरुलाई आर्थिक, राजनीतिक र सामाजिक रुपमा सवल र सक्षम बनाउदै महिला शसक्तिकरण गर्ने कुरालाई ध्यानमा राखेर उपप्रमुखसंग महिला कार्यक्रम संचालन गरी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका भित्र भएका महिलाहरुको क्षमता अभिवृद्धि गरेर उद्यमशिलताको विकास गर्दै, महिलाहरुलाई आत्मनिर्भर वनाई सामाजिक सुरक्षाको प्रत्याभूत गराउन वाञ्छनीय भएकोले,

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको उपप्रमुखसंग महिला कार्यक्रम सम्वन्धी कार्यविधि वनाई नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएकोछ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "उपप्रमुखसंग महिला कार्यक्रम संचालन कार्यविधि, २०७५" रहेकोछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. <u>परिभाषा :</u>**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(१) "कार्यक्रम" भन्नाले उपप्रमुखसंग महिला कार्यक्रम सम्झनुपर्दछ ।

(२) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(३) "प्रमुख" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ ।

(४) "उपप्रमुख" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ ।

(५) "कार्यविधि" भन्नाले उपप्रमुखसंग महिला कार्यत्रम संचलन कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।

**३. <u>कार्यक्रमको उदेश्य :</u>**

(१) दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई महिला मैत्री नगरपालिका बनाउने,

(२) लैङ्गिक हिंसालाई न्यूनिकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने,

(३) महिलाहरुकोृ क्षमता अभिवृद्धि गराउदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशिलताको विकास गराउने र,

(४) महिलाहरुको समस्त विकास मार्फत जीवनमा सकारात्मक परिवर्तन ल्याउने,

**४. <u>कार्यक्रमको क्षेत्र :</u>**

(१) प्रस्तावनाको उदेश्य पुरा गर्न निम्न बमोजिमका आधारभूत कार्यक्रमका क्षेत्र तोकिएका छन ।

क) चेलिवेटी तथा मानव वेचविखन विरुद्धको सचेतना अभियान सम्वन्धी कार्यक्रम,

ख) महिला हिंसाका विरुद्धको सचेतना तथा नियन्त्रणमूखी कार्यक्रम,

ग) पारिवारिक स्वास्थ्य र शिक्षाका कार्यक्रम,

घ) मध्यपान, धुमपान नियन्त्रण सम्वन्धी सचेतना कार्यक्रम,

ङ) एकल महिलाको क्षमता विकास तथा कानूनी अधिकार सम्वन्धी कार्यक्रम,

च) कानुनी सचेतना कार्यक्रम,

छ) बैबाहिक महिलाको विवाह दर्ता, नागरिकता, नाबालकको जन्म दर्ता लगायत अन्य अधिकार सम्वन्धी कार्यक्रम,

ज) महिलाको आय आर्जनलाई प्रत्यक्ष सहयोग पुऱ्याउने र उद्यमशिलताको विकास गर्ने सीपमूलक कार्यक्रमहरु,

झ) बैदेशिक रोजगारमा जाने र गएका महिलाहरुका लागि सचेतना कार्यक्रम र

ञ) भौतिक पूर्वाधारका कार्यक्रमहरु

**५. <u>कार्यक्रमका रणनीतिः</u>**

क) नियमित फलोअप

ख) अनुगमन र मूल्यांकन

**६. <u>संचालक समिति गठन सम्बन्धी व्यवस्था :</u>**

१) कार्यक्रम संचालनका लागि देहाय बमोजिम ७ सदस्य संचालाक समिति रहनेछ ।

क) अध्यक्ष : नगर उपप्रमुख,

ख) सदस्यः कार्यपालिकाको तीन जना सदस्य,

ग) सदस्य : उद्यमशीलता, सीप विकास र व्यवसायको क्षेत्रमा काम गरेका एक एक जना महिला,

घ) सदस्य सचिव : दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको महिला, बालबालिका तथा समाजकल्याण उप-शाखा संयोजक,

**पुनश्च** : आवश्यकता अनुसार बैठकमा कानुन शाखाका कर्मचारी, सल्लाहकारहरु र सो संग सम्वन्धीत अन्य व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

२) संचालक समितिको काम, कर्तव्य र अधिकार :

क) कार्यक्रम संचालन सम्बन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यन्वयन गर्ने,

ख) सीप विकास/महिला उद्यमशिलताका कार्यक्रमहरु संचालन नियमन तथा अनुगमन,

ग) कार्यकमको उदेश्य अनुरुप काम गर्ने,

घ) वडा स्तरबाट उद्यमशिलता रोजगारी तथा सशक्तिकरण अभिवृद्धि गर्न सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमको  संचालन गर्ने ।

**७. <u>उपप्रमुखसंग महिला कार्यक्रम अर्न्तगत गरीने कार्यक्रमहरु:</u>**

१) खेलकुद, निर्माण, कृषि व्यवसायिक र घरेलु उद्योगसंग लक्षित सीपमूलक, रोजगारमूलक कार्यक्रम तथा क्षमता अभिवृद्धि तालिम र चेतनामुलक कार्यक्रमहरु,

२) स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरमा अर्गानिक कृषि जन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु,

३) दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका क्षेत्र भित्रका महिला लक्षित विशेष कार्यक्रमहरु,

४) महिला स्वास्थ्य स्वयम् सेविकाको क्षमता विकास र सम्मान कार्यक्रम,

५) महिलाको समूह निमार्ण गरी  सीप विकासका कार्यक्रम,

६) महिला प्रजनन स्वास्थ्य र शिक्षा सम्वन्धी कार्यक्रम,

७) गरिवीको रेखामुनी रहेका महिलाहरुको लागि आय आर्जन सम्वन्धी विशेष कार्यक्रम

**८. <u>कार्यक्रम छनौट तथा कार्यान्वयन :</u>**

१) उपप्रमुखसंग महिला कार्यक्रम समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्नेछ ।

२) महिला सशक्तिकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरु संग समन्वय गरी कार्यत्रलम संचालन गर्नेछ ।

३) वडा स्तरबाट कार्यक्रम माग भई आएमा संचालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडी बढाउन स्वीकृती दिन सक्ने छ । कार्यक्रमको प्रभावकारीताको अनुगमन उपप्रमुखसंग महिला कार्यक्रम संचालक समितिले  गर्नेछ ।

४) संचालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृत गराएर महिला उद्यमशिलताका लागि अनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्नेछ ।

५) कार्यक्रम संचालन गर्दा विपन्न र अति विपन्नलाई ( एकल महिला, हिंसा पिडित, अपाङ्गता भएका, दलित, आदिबासी जनजाती र सिमान्तकृत महिला)  विशेष प्रथामिकता दिनेछ ।

६) कार्यक्रम संचालनको कार्यविधि संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

**९. <u>बैठक सम्बन्धी व्यवस्था:</u>**

१) संचालक समितिको बैठक कम्तिमा सामान्यतया दुई महिनाको एक पटक बस्ने छ ।
तर आवश्यक परेमा अध्यक्षको निर्देशनमा जुनसुकै बेला  बैठक वस्न बाधा पर्ने छैन ।

२) संचालक समितिले बैठक सम्वन्धी अन्य कार्यविधि आफै वनाउन सक्नेछ ।

**१०. <u>कोष सम्बन्धी व्यवस्था:</u>** कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था नगर सभाले गर्नेछ ।

**११. <u>व्याख्या गर्ने अधिकार</u> :** कार्यविधिमा उल्लेखित कुनै विषयमा अन्यौल उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार संचालक समितिलाई हुनेछ। संचालक समितिले गरेको व्याख्या अन्तिम हुनेछ।

**१२. <u>कार्यविधिमा परिमार्जन तथा संशोधनः</u>** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा नगर कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

(२) यो कार्यविधि अन्य प्रचलित कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

**१३. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> :** कार्यविधिमा उल्लेखित कुनै विषयको कार्यान्वयन सम्वन्धमा अन्यौल उत्पन्न भएमा वा बाधा अड्काउ परेमा सो को व्याख्या गर्ने अधिकार र बाधा अड्काउ फुकाउने अधिकार संचालक समितिलाई हुनेछ। संचालक समितिले गरेको व्याख्या अन्तिम हुनेछ।

**१४. निर्देशन दिन सक्ने** : यस कार्यविधिमा उल्लेखित कार्यक्रम कार्यान्यिन गर्ने सम्वन्धमा नगर कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ।